मिति: २०८२।११।१३
समय: बिहान ११:०० बजे

बैठक नं. ०५/२०८२/०८३

आज मिति २०८३ फा[illegible] बुधबारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री सुर्य ब[illegible]को अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा बैठक बसी तपशिल अनुसारका प्रस्ताव उपर छलफल गरि निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | |
| २ | श्री बिपना कुलुङ | उपाध्यक्ष | |
| ३ | श्री पर्खिधन राई | वडा अध्यक्ष (वडा नं. १) | |
| ४ | श्री प्रदिप राई | वडा अध्यक्ष (वडा नं. २) | |
| ५ | श्री दुर्गा बहादुर राई | वडा अध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री सरस्वती राई | वडा अध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री महलसिं राई | वडा अध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री सिद्धिमनि राई | कार्यपालिका सदस्य | |
| ९ | श्री सिता माया वि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री निर कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | |
| १४ | श्री खरिधन राई | सदस्य-सचिव | |

प्रस्ताव तथा निर्णयहरु

| नि.नं. | प्रस्ताव | निर्णय |
|---|---|---|
| १. | कंखो खोला मोटरेबल पुल (बेली ब्रिज) को लागत अनुमान स्वीकृत गरी ठेक्का प्रकृया अगाडी वढाउने सम्बन्धमा । | चालु आव २०८२/८३ मा वजेट विनियोजन भई कंखो खोला मोटरेबल पुल (बेली ब्रिज) को निर्माण सुरुवात गर्नुपर्ने भएकोमा सो पुलको लागत अनुमान मू.अ. कर, कन्टेन्जेन्सी, पीएस आइटम सहित जम्मा लागत अनुमान रु. ६ करोड ८० लाख, ४४ हजार सातसय उनान्तीस रुपैयाँ एकहत्तर पैसा भएकोमा सो लागत अनुमान आजको कार्यपालिकाको वैठकले स्वीकृत गर्ने र चालु आर्थिक वर्षमा विनियोजित वजेटबाट अपूग रकम आगामी आर्थिक वर्षको वजेटमा रकम स्रोत सुनिश्चित गर्ने गरी सार्वजनिक खरिद प्रकृया (ठेक्का प्रकृया) अगाडी बढाउन कार्यालयलाई अनुमती दिने निर्णय गरियो । |
| २. | गाउँपालिकाको प्रशासनिक भवनको भेरिएसन आदेश (VO) गर्ने सम्बन्धमा । | महाकुलुङ गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्यको ठेक्का प्रकृयामा एकवटा जेनेरेटर खरिद गर्ने पनि कार्य रहेकोमा जेनेटरमा ईन्धन आपूर्ति लगायतका कार्य भविष्यमा महंगो पर्ने तथा नवीकरणीय ऊर्जा प्रयोग समेत बढी उपयुक्त हुने राय अनुसार सो बराबरको रकम रु. १० लाखबाट सोलार जडान कार्यको लागि भेरिएसन आदेश दिने निर्णय गरियो । |
| ३. | बायोमेट्रिक IRIS Scanner खरिद | यस महाकुलुङ गाउँपालिकाको पञ्जीरकरण शाखालाई आवश्यक |

| | | |
|---|---|---|
| | गर्ने सम्बन्धमा । | बायोमेट्रिक IRIS Scanner खरिद गर्नको लागि महाकुलुङ गाउँपालिकाको प्रशासनिक भवनको कन्टेन्जेन्सी रकमबाट खर्च गर्ने गरी १ थान मेसिन खरिद गर्ने निर्णय गरियो । |
| ४. | रकमान्तर/शिर्षक परिवर्तन सम्बन्धमा । | महाकुलुङ गाउँपालिका वडा नं. ४ को निर्णयबाट प्राप्त योजना शिर्षक परिवर्तन सम्बन्धी निर्णयलाई समर्थन गरी देहाय वमोजिम योजना कार्यान्वयन गर्ने निर्णय पारित गरियो । |

| क्र.सं. | विनियोजित वजेट शिर्षक | संशोधन गरेर कायम हुने शिर्षक | वजेट रकम रु. |
|---|---|---|---|
| १ | ह्यूम पाइप खरिद तथा खोल्सी व्यवस्थापन | डोदोवा र देवा खोल्सा स्ल्याव कल्भर्ट निर्माण | रु. ५ लाख |

| | | |
|---|---|---|
| ५. | कोठे झोपु देखि कोठे बजारसम्म बाटो निर्माण को योजना सम्झौता गर्ने सम्बन्धमा । | चालु आवको विनियोजित वजेटमा कोठे झोपु देखि कोठे बजारसम्म बाटो निर्माण शिर्षकमा विनियोजित वजेट कार्यान्वयन गर्नको लागि वडा नं. २ का वडा अध्यक्ष श्री प्रदिप राईको उपस्थितिमा मिति २०८२ साल माघ महिना २१ गतेका दिन गठित श्री को तारामान राईको अध्यक्षतामा रहेको उपभोक्ता समितिसँग योजना सम्झौता गरी योजना संचालन गर्ने गराउने निर्णय गरियो । |
| ६. | अप्पर मुन्दुम ट्रेल नक्शा तथा ब्रोसर प्रकाशन तथा प्रवर्द्धनात्मक कार्यक्रम | अप्पर मुन्दुम ट्रेल नक्शा तथा ब्रोसर प्रकाशन तथा प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत प्राप्त प्रस्तावनाका विषयमा छलफल गर्दा कार्यालयले आवश्यकता र विनियोजित वजेट शिर्षकका आधारमा शर्तहरु (TOR) निर्धारण गरी सोही अनुसार कार्य गराउने निर्णय गरियो । |
| ७. | निशूल्क जग्गा वडा कार्यालयको नाममा रजिष्ट्रेसन पास गर्ने सम्बन्धमा । | महाकुलुङ गाउँपालिका वडा नं. २ को वडा कार्यालयलाई देहाय वमोजिमको जग्गा निशूल्क रुपमा प्राप्त हुने भएकोमा सो जग्गा जिल्ला मालपोत कार्यालय, सोलुखुम्बुमा गई २ नं. वडा कार्यालयको नाममा रजिष्ट्रेसन पास गरी लिने र सो को लागि वडा नं. २ का वडा अध्यक्ष श्री प्रदिप राईलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।<br>जग्गाको विवरणः महाकुलुङ गाउँपालिका वडा नं. २ (साविक बुङ गाविस वडा नं. ३ वस्ने वैविर राईको नाती गर्जमान राईको छोरा जि.प्र.का. सोलुखुम्बु ना.प्र.प. नं. ११३००७/३८४, जारी मिति २०६२।११।०१ को समिर कुलुङको नाममा दर्ता कायम रहेको साविक बुङ गाविस वडा नं. ३ मा रहेको कित्ता नं. २२५४ को क्षेत्रफल २९८५ वर्गमिटर मध्येबाट उत्तरतर्फ कित्ता काट गरी १३५ वर्ग मिटर जग्गा । |

मिति: २०८२।११।१३
समय: बिहान ११:०० बजे

बैठक नं. ०५/२०८२/०८३

| | | |
|---|---|---|
| ८. | शिक्षक, विद्यालय तथा विद्यार्थी सम्मान कार्यक्रम सम्बन्धमा । | चालु आवको शिक्षा शाखाको स्वीकृत कार्यक्रम अन्तर्गत शिक्षक, विद्यालय तथा विद्यार्थी सम्मान कार्यक्रम निर्धारित समयमा गर्न नसकिएको हुँदा सो कार्यक्रम २०८३ वैशाख २५ गते शुक्रवारका दिन गर्ने निर्णय गरियो । |
| ९. | येलेदोङ उल्लेख गर्ने सम्बन्धमा | महाकुलुङ गाउँपालिका अन्तर्गत रहेका कार्यालय तथा शाखाहरुबाट चलान हुने पत्र व्यवहारमा किराति समुदायको वर्ष/पात्रो अनुसारको "येलेदोङ" (येलेदोङ ५०८६) उल्लेख गर्ने निर्णय पारित गरियो । |
| १०. | शिशु स्याहार केन्द्र संचालन सम्बन्धमा । | महाकुलुङ गाउँपालिका वडा नं. १ मा सञ्चालित शिशु स्याहार केन्द्र संचालनको अनुगमन गर्ने तथा विनियोजित वजेटबाट रकम अपुग भएमा मूल्यांकन गरी पछि व्यवस्थापन गर्ने निर्णय गरियो । |
| ११. | जनशक्ति व्यवस्थापन सम्बन्धमा | चालु आव २०८२/८३ मा विनियोजित वजेट रकमबाट गुदेल स्वास्थ्य चौकीमा आवश्यक एकजना ल्याव असिस्टेन्ट/ल्याव टेक्निसियन कर्मचारी आवश्यक भई कार्यालयले तीन पटक सम्म विज्ञापन गरिएता पनि आवेदन प्राप्त नहुने वा छनौट परिक्षा सामेल नहुने समस्या भएकोबाट कार्यालयले त्यस्तो शैक्षिक योग्यता पुरा भएका जनशक्ति खोजी गरी सिधै वार्ता गरी कर्मचारी नियुक्ति गर्ने निर्णय गरियो । |

सुर्य बहादुर राई
अध्यक्ष
महाकुलुङ गाउँपालिका